## बबई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## अर्धवार्षिक प्रगति प्रतिवेदन तथा सार्वजनिक सुनुवाई कार्यक्रम

## आ.व. २०७९/८०

## प्रतिवेदन

## १.पृष्ठभुमी ः

सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गरी पारदर्शिता, जवाफदेहिता, प्रवर्धन गरी सुशासनको प्रत्याभुति गर्न सार्वजनिक सुनुवाईले अहंम भूमिका खेल्दछ । स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउने कार्य सार्वजनिक सुनुवाईले गर्दछ ।

"सार्वजनिक सुनुवाइ" भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रियालाई जनाउँछ । स्थानीय निकायवाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्न, जिज्ञासाहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवारी बोधको संस्कार बसाउनका लागि सार्वजनिक सुनुवाई गरिन्छ ।

सार्वजनिक सुनुवाइ कार्यक्रम बबई गाउँपालिकाको आयोजनामा सामुदायिक रेडियो हापुरेले प्रत्येक्ष प्रशारण र सहजिकरणमा सहयोग गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम बबई गाउँपालिकाको सभाहलमा आयोजना गरिएको थियो ।

ऐन तथा नियमावलीहरुले गरेको व्यबस्थालाई सरल तथा प्रभाबकारी ढंगले संचालन गर्न सजिलो होस् भनि नेपाल सरकारले सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनैपनि सार्वजनिक निकायहरुले सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख गरिएको छ । यिनै कुराहरुलाइ ध्यानमा राख्दै बबई गाउँपालिका द्धारा आ.ब २०७९।०८० को अर्धवार्षिक सम्ममा सम्पन्न गरेका कार्यहरु तथा विषयगत शाखाहरुले कार्य सम्पादन तथा सेवाप्रवाह बारे सार्वजनिक सुनुवाइ कार्यक्रम संचालनमा प्रस्तुत गरिएको थियो ।

२. सार्वजनिक सुनुवाइको औचित्यः

सुशासन, व्यबस्थापन र संचालन ऐन २०६४, नियामवली २०६५ ले हरेक सार्वजनिक निकायहरुले आफ्नो संस्थाले बर्षभरि संचालन र सम्पादन गरेका कार्यहरुको बर्षको सार्वजनिक सुनुवाइ गर्नुपर्ने उल्लेख भएको छ। बबई गाउँपालिकाले आर्थिक बर्ष २०७९।०८० को प्रथम अर्धवार्षिक अवधिमा संचालन भएका बिकास निर्माण कार्यहरु तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरुका बारेमा जानकारी लिने महत्वपुर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउ पुऱ्याउँछ।

३.कार्यक्रकमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य बबई गाउँपालिका ले आ.ब २०७९/०८० मा गाउँपालिकाका ७ वटै वडामा सेवा प्रवाहबारे जनताको जिज्ञासा सरोकारवाला निकाय समक्ष पुऱ्याउने र सरोकारवाला निकायलाई थप जवाफदेही बनाउने कार्य अनुरुप सर्वाजनिक सुनुवाई कार्यक्रम आयोजना र सम्पन्न गरिएको हो ।

यस कार्यक्रमका बिशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन् -

१. पारदर्शिता, जवाफदेहिता, प्रवर्धन गरी सुशासनको प्रत्याभुत गर्ने ।
२. बबई गाउँपालिका र विषयगत शाखाहरुवाट सम्पादन गरिएका योजना, कार्यक्रमहरुको वारेमा सर्वसाधारणलाई सुसूचित गराउने ।
३. बबई गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहका सम्वन्धमा सर्वसाधारणसँग प्रत्यक्ष प्रतिक्रिया लिई सम्वन्धित बिषयहरुमा प्रभावकारी सेवा प्रवाहाका लागि ध्यानाकर्षण गराउने ।

४. कार्यक्रम संचालन विधि तथा प्रक्रियाहरुः

- बबई गाउँपालिकाले आ.ब २०७९।०८० को अर्धवार्षिक सम्ममा पुऱ्याएका सेवा प्रवाहका सम्बन्धमा सेवाग्राहिहरुसंग नागरिक अभिमत तथा बर्हिगमन अभिमत फाराम ७० वटा भरिएको थियो ।
- सर्वेक्षण प्रश्नावली तयार : नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतको नतिजा एवं सेवा सुविधा प्रवाहका विषयमा प्राप्त जनगुनासो तथा सुझावको व्यवस्थापन र स्थानीय निकायको नीति, कार्यक्रम, बजेट तथा प्रगति साथै सामाजिक सुरक्षा भत्ताका सम्वन्धमा

नागरिकहरुको चासो जिज्ञासाको सम्वन्धमा तपसिल अनुसारका विज्ञ टोली द्वारा प्रश्नावली तयार पारिएको थियो ।

तपसिलः

१. मुक्ति नन्द रावल - प्रमुख प्रशासकीय अधिकृत
२. मोहन लाल दाहाल - शिक्षा अधिकृत आठौं स्तर
३. भुवन चन्द वालान - सूचना प्रविधि अधिकृत/ सूचना अधिकारी
४. तेजेन्द्र बहादुर घर्ति - प्रशासन शाखा प्रमुख
५. सुजनवावु केसी - आर्थिक प्रशासन शाखा प्रमुख

- तथ्यांक तालिकीकरण, विश्लेषण तथा निष्कर्ष : प्राप्त तथ्यांकको आधारमा तालिकीकरण, विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्य सम्पन्न गरियो ।

- कार्यक्रम व्यवस्थापन तथा संचालन : कार्यक्रम तोकिएको ढाँचा अनुसार सहजकर्ता तथा सहायक सहजकर्ता द्वारा कार्यक्रम व्यवस्थापन तथा संचालन गरिएको थियो । जसमा तपसिल अनुसारका व्यक्तिहरु रहनुभएको थियो ।

१. मुक्ति नन्द रावल - सहजकर्ता
२. राम प्रसाद सुवेदी - सहजकर्ता
३. भुवन चन्द वालान - सहायक सहजकर्ता/कार्यक्रम व्यवस्थापक
४. सुजनवावु केसी - सहायक सहजकर्ता

- प्रतिवेदन तयारी : अनुसुचि मा संलग्न गरिएको ढाँचा अनुसारको प्रतिवेदन तयार गरिएको थियो।

जसमा तपसिल अनुसारका व्यक्तिहरु रहनुभएको थियो ।

१. मुक्ति नन्द रावल - प्रमुख प्रशासकीय अधिकृत
२. भुवन चन्द वालान - सूचना प्रविधि अधिकृत/ सूचना अधिकारी
३. सुजनवावु केसी - आर्थिक प्रशासन शाखा प्रमुख
४. उर्मिला पौडेल - कम्प्युटर अपरेटर

- कार्यक्रम संचालनको स्थान, मिति र समय : बबई गाउँपालिका ले आर्थिक बर्ष २०७९।०८० को अर्धवार्षिक सम्ममा सम्पादन गरेका कार्यहरुको विषयमा २०७९ साल माघ १८ गतेका दिन बबई गाउँपालिकाको सभाहलमा कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रम दिउँसो १ बजे देखि शुरु भइ वेलुका ६:०० बजे सम्म संचालन गरिएको थियो ।

५. प्राप्त उपलब्धिहरु :

1. गाउँपालिका द्धारा संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधाबारेमा सर्वसाधारणलाई जानकारी प्राप्त।
2. नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवारीबोधको संस्कार बसाउने पद्दतिको विकास हुनेछ ।
3. गाउँको ध्यान नपुगेका स्थानहरुमा यस कार्यक्रमको माध्यमद्दारा ध्यानाकर्षण हुनेछ ।
4. पारदर्शिता, जवाफदेहिता, प्रवर्धन गरी सुशासनको प्रत्याभुति गर्न गाउँपालिका र बिषयगत शाखाहरुलाइ ध्यानाकर्षण गराइएको ।

६. कार्यक्रममा रहेको उपस्थितिः

यस कार्यक्रम बबई गाउँपालिकाले आर्थिक बर्ष २०७९।८० को प्रथम अर्धवार्षिक सम्ममा सम्पादन गरेका कार्यहरु र पुऱ्याएको सेवा सुबिधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो। कार्यक्रमको अध्यक्षता बबई गाउँपालिकाका अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्री ज्यूले गर्नु भएको थियो, कार्यक्रमको प्रमुख आतिथ्यता लुम्विनी प्रदेश निर्वाचन क्षेत्र ३ख का सांसद माननिय श्री धन बहादुर मास्की ज्यू , बिशेष अतिथि जिल्ला समन्वय समितिका उप प्रमुख श्री चेतना चौधरी ज्युले गर्नु भएको थियो। त्यस्तै बबई गाउँपालिकाका उपाध्यक्ष श्री बम कुमारी खड्का, बबई गाउँपालिकाका राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु, वडाध्यक्षज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, विषयगत शाखाका प्रमुखहरु, संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरु, पत्रकारहरु, बबई गाउँपालिकाका अम वासीहरु लगायत सरोकारवाला निकायका प्रतिनिधिहरु उपस्थिति रहेको उक्त कार्यक्रममा ११० भन्दा बढि आम नागरिक, नागरिक समाजका प्रतिनिधिहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

७. कार्यक्रममा भएका गतिविधिहरु : २०७९।१०।१८ गते १ बजे बबई गाउँपालिकाको सभाहलमा सुरु भएको कार्यक्रममा बबई गाउँपालिकाका उपाध्यक्ष श्री बम कुमारी खड्का द्वारा स्वागत मन्तव्यका राख्नुभएको थियो।
कार्यक्रमको पहिलो चरणमा बबई गाउँपालिका को आ.व. २०७९/८० को प्रथम अर्धवार्षिक सम्ममा सम्पन्न गरिएका क्रियाकलापहरुको एकिकृत प्रगति प्रतिवेदन बबई गाउँपालिकाका अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्रीज्युले प्रस्तुत गर्नुभएको थियो ।दोस्रो चरणमा सहभागिहरुलाई सार्वजनिक सुनुवाईका बारेमा जानकारी गराईएको थियो भने त्यस पश्चात बबई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री मुक्तिनन्द रावल ज्यूले नागरिक प्रतिवेदन र बर्हिगमन मतको परिणाम तथा सार्वजनिक सुनुवाइ आचार संहिता प्रस्तुति गरिएको थियो ।

आचार संहिता र नागरिक सर्वेक्षण प्रतिवेदन जानकारी गराइसकेपछि उपस्थित नागरिकहरुबाट जिज्ञासाको लागि फोरम ओपन गरिएको थियो र सहभागिहरुद्धारा आ-आफ्नो जिज्ञासाहरु राखेका थिए। सहभागिहरुले राखेका जिज्ञासाहरुको बिषयमा बबई गाउँपालिकाका अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्री, उपाध्यक्ष श्री बम कुमारी खड्का, प्रमुख प्रशासकीय अधिकृत श्री मुक्तिनन्द रावल तथा सम्बन्धित शाखाका प्रमुखहरुले जवाफ दिदै उक्त कार्यक्रमको बारेमा समिक्षा गर्दै पारदर्शिता र जवाफदेहिपन बृद्धि गर्नका लागि चासो खबरदारी निगरानी सबै गर्नुपर्ने, हामी पुर्वाधार बिकासमा मात्र केन्द्रित भएका छौं अन्य बिषय तर्फ पनि सबैको ध्यान जान आबश्यक रहेको कर्मचारीहरुको व्यवहार बदल्न पनि समय लाग्छ भन्दै प्रमुख अतिथि लुम्विनी प्रदेश सभा सदस्य श्री धन बहादुर मास्की ज्यूले समग्र बबई गाउँपालिकाको विकास निर्माणमा प्रतिवद्ध रहेको तथा सवै सरोकारवाला निकायहरुलाई आ-आफ्नो जिम्मेवारी ईमान्दारीपुर्वक निर्वाहा गर्न साथै सेवा प्रवाह प्रभावकारी रुपमा सम्पादन गर्न सार्वजनिक सुनुवाइको महत्व रहेको हुँदा गाउँपालिकालाई नमुना गाउँपालिकाको रुपमा बनाउनका लागि बिभिन्न किसिमका योजनाहरु सन्चालन भएका निर्माण भईरहेका योजनाहरुमा सबै नागरिकहरुले आ-आफ्नो तर्फबाट खबरदारि गर्नुपर्ने यो सार्वजनिक सुनुवाइमा आएका सुझाबहरुले आगामी दिनमा सबैलाइ बाटो देखाउने,सार्वजनिक सुनुवाई सुशासनको कडि हो यस्ता कार्यक्रमले तेस्रो आखांको रुपमा भुमिका खेल्दछ भन्ने बिचार व्यक्त गर्दै उठेका सबै जिज्ञासाहरुका चित्तबुझ्दो उत्तर दिदैं गाउँपालिकामा भएका क्रियाकलाप तथा योजनाको बारेमा सबै नागरिकले चासो राख्नुपर्ने बबई गाउँपालिकामा ठुला योजनाहरु संचालन गर्न प्रयास गर्नुपर्ने तथा समग्र बबई गाउँपालिकाको विकास निर्माणका लागि "हाम्रो उत्पादन हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित

जनता आत्मनिर्भर स्थानीय सरकार"  भन्ने बबई गारउँपालिकाको नारालाई साकार पार्न सरोकारवाला सवैले हातेमालो गर्नुपर्ने र यसमा सबैको ध्यान जान आबश्यक रहेको कुरा कार्यक्रमका अध्यक्ष कुल बहादुर खत्री क्षेत्री ले व्यक्त गर्नुभएको थियो । अन्तमा सबै सहभागिहरुलाइ धन्यवाद दिदैं कार्यक्रमको समापन गर्नुभएको थियो।

८. निष्कर्ष तथा सुझाबहरु::

बबई गाउँपालिका ले आ.व. २०७९/८० को  प्रथम अर्धवार्षिक सम्ममा सम्पन्न गरेका कार्यक्रमहरु तथा योजनाहरुको तथा बारेमा सार्वजनिकिकरण तथा बिषयगत शाखा र कार्यालयका बारेमा सम्पन्न भएको सार्वजनिक सुनुवाइ कार्यक्रम वास्तवमै पारदर्शिता तथा जवाफदेहिताका लागि गरिएको प्रतिवद्धता नै मान्नु पर्दछ ।यस्ता किसिमका कार्यक्रमहरु निरन्तर रुपमा संचालन गर्नु गाउँपालिका मात्र नभइकन सम्पूर्ण सार्वजनिक निकायहरुले गर्नुपर्ने आवश्यकता देखिन्छ तथापि आजसम्म यसको प्रयोग कमै मात्रामा गरिएको पाइन्छ ।देशमा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको र स्थानीय सरकारहरुले गर्ने कार्यहरु र आगामि योजनाहरुका बारेमा सर्वसाधारण नागरिकलाइ जानकारि गराउन तथा सेवाप्रदायकलाइ नागरिकहरुबाट प्राप्त भएका सुझाबहरु संकलन गरि आगामि दिनमा काम गर्नको लागि योगदान पुग्ने आशा एवम बिश्वास गरिएको छ ।

बबई गाउँपालिका द्धारा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागि रहेका बिभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु,आम नागरिकहरु समेतले आ आफ्ना सुझाबहरु प्रदान गरिएको थियो।

सुझाबहरुः

यस सार्वजनिक सुनुवाइका क्रममा भएका त्रुटि तथा कमी कमजोरीहरुलाइ आगामी दिनहरुमा सुधार गर्नका लागि केहि सुझाबहरु यसप्रकार छन् ।

- सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रचारप्रसार व्यापक रुपमा गरिनुपर्ने ।
- सम्वधित कार्यालयले कार्यक्रम निर्धारित समयमै संचालन गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाइ कार्यक्रमको शुरुमा अघिल्लो सार्वजनिक सुनुवाइका क्रममा व्यक्त भएका प्रतिवद्धताहरुका बारेमा सुनुवाइ गरिनुपर्ने ।

- गाउँपालिका द्वारा बिकास निर्माणमा प्रभावकारी अनुगमन संयन्त्र बनाई अनुगमन गर्नुपर्ने ।
- गाउँपालिका र मातहतका कार्यालयहरुमा हुने गरेका विकास निर्माणका कार्य,सेवा सुविधा जस्ता बिषयहरु र सोका निर्णयहरु सुचनाको रुपमा तयार गरी राखे सो आम नागरिकहरुले मागेको समयमा दिने व्यबस्था मिलाउनुपर्ने ।
- बिकास निर्माणका सन्दर्भमा सबै नागरिकहरुका मागलाई समान रुपमा ब्यबहार गर्ने संस्कार बिकास गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु वडागत रुपमा संचालन गर्न जोड दिनुपर्ने ।
- सबै वडाहरुमा नागरिक वडापत्रको व्यबस्था गर्नु पर्ने ।
- ठुला योजनाहरु बनाउंदा त्यसको दीर्घकालिन टिकाउका लागि विषयबिज्ञहरुसंग छलफल गरि योजनाहरु तयार गरिनुपर्ने ।

कार्यक्रममा उठेका गुनासाहरुः

| क्र.सं. | नामथर ठेगाना | गुनासो | जवाफदेही | कैफियत |
|---|---|---|---|---|
| १ | खड्क ब. खत्री बबई ३ | अर्धबार्षिक समिक्षामा सबै शाखाको प्रतिवेदन आयो तर हेफरको किन आएन? | प्र.प्र.अ./अध्यक्ष | |
| | | ६ र ७ नं. वडाको किन राजश्व कम उठेको छ यसको कारण के हो? | राजश्व शाखा | |
| | | गाउँपालिकाबाट संचालित आँखा शिविरमा मोतिबिन्द् सम्बन्धी उपचार औषधी निःशुल्क दिएको हो कि के हो ? प्रष्ट पार्दिनु हुन | अध्यक्ष | |
| २ | महर लाल वली बबई ३ | सार्वजनिक सेवा प्रभावमा उपभोक्ता समितिले दःख पाएका छन अङग्रेजी स्टेटमेन्टलाई नेपालीमा बनाए राम्रो हुन्थ्यो र ज्वाला मार्गको काम कार्य के-कति कारणले रोकिएको हो र अब फेरि कार्य सुचारु हुने हो कि होइन प्रष्ट पार्दिनु हुन? | | |
| | | ज्वाला मार्गको कामकाज किन रोकिएको छ? कहिले सम्मका लागि रोकिएको हो पुनः सुचारु हुन्छ हुदैन? | अध्यक्ष | |
| | | उपभोक्ता समितिले कागजात नपुगको भनि धेरै दःख पाएको अवस्था छ यसबारे स्पष्ट पार्दिनु हुन? | अध्यक्ष | |
| ५ | | बबई गाउँपालिकाको वडा नं.५, ६, र ७ को जग्गा नापी कहिले होला? | प्र.प्र.अ./अध्यक्ष | |
| ६ | | बबई १ नं. वडामा इन्टरनेट सेवा सुचारु कहिले हुन्छ? | अध्यक्ष | |

| | | | | |
|---|---|---|---|---|
| ७ | | आयुर्वेद औषधालय कहाँ छ यसबाट कस्ता खालका सेवा सुविधाहरु प्रदान गरिन्छ स्पष्ट पार्दिनु पऱ्यो?/आयुर्वेद औषधालयको लागि किन बजेट नछुट्याईएको हो? | स्वास्थ्य शाखा/अध्यक्ष /प्र.प्र.अ | |
| ८ | | बबई गाउँपालिकामा कृर्षि र पशु सम्बन्धी बजेट छुट्याईको तर औषधी तथा खाद्यमल कहिल सम्म उपलब्ध गराईदिनु हुन्छ? | अध्यक्ष | |
| ९ | | सार्वजनिक सेवा प्रभावमा अङग्रेजी स्टेटमेन्ट सर्वसाधारणले नबुझने र सेवा प्रभावमा अफठ्यारो भएकाले स्टेटमेन्ट नेपालीमा बनाउन सकिन्छ कि नाई प्रष्ट पार्दिनु पऱ्यो? | राजेश देवकोटा (प्राविधिक शाखा) | |
| १० | | उपभोक्ता समितिले कागजात नपुगको भनि धेरै दःख पाएको अवस्था छ यसबारे स्पष्ट पार्दिनु हुन | योजना प्रमुख | |
| ११ | | बबई गा.पा.को लागि पहिलो के कस्तो योजना के छनौट गर्नुभएको छ? सोको जानकारी दिनुहुन? साधन छनर धागे छहरा कलवट जोखिमपूर्ण रहेको र यथाशिघ्र पहल गर्दिनुह हुन? | प्रदेश सामसद | |
| १२ | नविन डाँगी (पुरन्धारा स्वास्थ्य कर्मी) | आयुर्वेद स्वास्थयमा बजेट विनियोजन कम किन भएको हो? | अध्यक्ष/प्र.प्र.अ. | |
| | | सामाग्री बिग्रीरहने समस्याको समाधान नभएको, खोप संचालन गर्ने स्थान नभए र स्थान व्यवस्थापन गर्न बजेट विनियोजन गर्न माग | | |
| | | स्वास्थ्य संस्थामा ल्यापटप, कम्पप्यूटरको व्यवस्था नभएको | | |
| | | स्वास्थ्य सेवाको लागि औषधिको अभाव रहेको कहाँ कसरी किन ढिला भएको हो? आयुर्वेद स्वास्थ्यमा किन बजेट विनियोजन हुँदैन यस्तो अवस्थामा हामीले गुणस्तरीय स्वास्थ्य सेवा कसरी औषधी समयमा उपलब्ध हुन नसक्नुको कारण र केकस्ता प्रकृया चलिरहेको छ स्पष्ट पार्दिनु हुन? | | |
| १३ | नारायण परियार बबई ४ | कालोपत्रे सडक ३ किलोमिटर सडक कुन-कुन स्थानमा पर्दछ? आ.ब.2078/079 को हो कि 2079/080 को बजेटमा बनाईएको हो? | अध्यक्ष/प्राविधिक शाखा | |
| १४ | | छाँडा पशुलाई कसरी व्यवस्थापन गर्ने भनि गाउँपालिकामा के-कस्तो व्यवस्था भएको छन् स्पष्ट पार्दिनुहुन? | पशु शाखा | |
| १५ | | वडा नं. 1 को कार्यालयमा बिजुली बत्तीको रुपमा सोलारको व्यवस्था त भयो तर वडा नं.1 का जन्ताले किहल बिजुली बत्ती बाल्न पाउनी हो? | अध्यक्ष | |
| १६ | टिकाराम खत्री बबई ४ | हापुरे बजारमा रहेको अव्यवस्थित फोहोर व्यवस्थापनका सम्बन्धमा के कस्ता पहल भएका छन्? | अध्यक्ष | |
| | | सुन्दरखाल जाने बाटोमा रहेको कलवट जोखिममा रहेकोले जालीको व्यवस्था गरिदिनु हुन सुझाव | | |

| | | | | |
|---|---|---|---|---|
| | | पर्यटकीय स्थल धागे छहरा, पुरन्धारा छहरा र भ्यूटावरलाई पर्यटकीय स्थल बनाउन कस्ता खालका रणनीति निर्माण भएका छन्? | | |
| १७ | | स्वास्थ्य सेवाको औषधि खरिद प्रक्रियामा किन ढिला भएको छ? | प्र.प्र.अ./अध्यक्ष | |
| १८ | | वडा कार्यालयमा वडा पत्र हुदैन भने राजश्व संकलन कसरी हुन्छ? | अध्यक्ष | |
| १९ | | ससर्थ कार्यक्रम अन्तर्गत पश शाखाको र कृषि शाखाको तथ्याङ्क राख्नुपर्ने रहेछ यो कहिले सुचारु हुन्छ? कृषि शाखाबाट प्रभाव हुने सुचना के कसरीरु प्रभाव गर्नु भएको छ? | कृषि शाखा प्रमुख | |
| २० | | पशु उद्यमशिलता प्रयोजनकव लागि अर्धबार्षिक समिक्षा सार्वजनिक सुनुवाई किन गरिएन? | अध्यक्ष | |
| २१ | प्रेम कुमारी डाँगी बबई २ | रोजगार कार्यक्रम कुन-कुन फारम भर्नुपर्दछ उहि पुरानो फारमले काम गर्ने हो कि के हो? यसमा कस्तो खालको प्रक्रिया रहेको छ। | रोजगार संयोजक | |
| २२ | | पञ्जिकरण शाखामा एकल महिला ६० बर्षको उमेरमा जेष्ठ नागरिक भएमा स्वतःरुपमा भत्ता प्राप्त गर्छन कि पुन कागजात पेश गर्नुपर्दछ? | | |
| २३ | | पोषण सुत्केरी भत्ता भनि व्यवस्था गरिएको भएपनि भत्ता नपाउनुको कारण यसका प्रक्रिया र पाउने नपाउने के हो? स्पष्ट पार्दिनु हुन? | अध्यक्ष | |
| २४ | | गम्भिर प्रकारको रोग भनेको के हो र यसमा कस्ता-कस्ता खालका रोगहरु रहेका हुन्छन? | अध्यक्ष | |
| २५ | | न्यायीक समितिमा के कसरी सेवा प्रदान गरिएको छ र कानूनी सल्लाहकार हुनु हुन्छ कि हुन्न् हुन्न स्पष्ट पार्दिनुहुन? | उपाध्यक्ष | |
| २६ | | आयुर्वेद औषधालय कहाँ छ कसरी सञ्चालन भएको छ सेवाहरु के-क छन् स्पष्ट पारिदिनु होस | स्वास्थ्य शाखा | |
| २७ | | कागजात नपुग्दा के के पुगने त्यसको बिषयमा नागरिकलाई जानकारी दिनु पर्छ कि नाई? | अरुण कुमार के.सी | |
| २८ | | वडा कार्यालयमा वडा पत्र हुदैन भन्ने प्रश्न आएको छ वडा कार्यालयमा वडा पत्र छैनन त नभए राजश्व कसरी लिईन्छ? | प्र.प्र.अ. | |
| २९ | | समग्रमा खोप क्लिनिकको व्यवस्था गर्ने सकिन्छ ? औषधि अभावलाई कसरी समाधान गर्न सकिन्छ र खरिद प्रक्रया किन ढिला भएको हो? | अध्यक्ष/प्र.प्र.अ. /स्वास्थय शाखा | |

| | | | | |
|---|---|---|---|---|
| ३० | | शसर्त कार्यक्रममा कृषी र पशु तथ्याङ्क संकलन बजेट छ र तथ्याङ्क संकलन कहिले सम्म गर्नु हुन्छ विगत जस्तै बजेट फ्रिज गर्ने मनशायमा हुनुनहुन्छ ? के छ विचार ? | पशु शाखा र कृषी शाखा प्रमुख | |
| ३१ | | आधुनिक कृषि प्रणाली विश्वमा फैलियो सकियो र हजुरले आधुनिक कृषि औजार हामी जस्तो साना कृषकलाई कहिले सम्म अनुदानमा व्यवस्था गर्नु हुन्छ? | कृषि शाखा प्रमुख | |
| ३२ | | शिक्षाको गुणस्तर सुधार गर्ने यहाँको स्पष्ट योजना के छ? | अध्यक्ष | |
| ३३ | | कृषकलाई कहिले सम्म तरकारी उत्पादनको लागि ग्रिन हाउसको व्यवस्था र आधुनिक कृषी साथै पशु पंक्षी पालनको तवर तरीका व्यवस्थापन गर्नु हुन्छ? अनुदानमा र सही समयमा अद मलको व्यवस्था कहिले समम गर्नु हुन्छ कि भारतसँग उधारोमा चामल कहिले सम्म खाने हो? | अध्यक्ष | |
| ३४ | | यस गा.पा.को प्रमुख आयश्रोत पर्यटकीय स्थल पुरन्धारा झरना, धागे छहरा सल्लीकोट भ्यू टावरको बारेमा संघीय सरकार प्रदेश सरकारसँग बजेट माग सम्बन्धी कस्तो रणनीति र कार्यनीति अपनाउनु भएको छ? | अध्यक्ष | |

## अध्यक्ष द्वारा प्रस्तुत एकिकृत प्रगती प्रतिवेदन

### सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिने एकिकृत प्रगति प्रतिवेदन
### अर्धवार्षिक प्रतिवेदन
### आ.व. २०७९/८०

बबई गाउँपालिकाको आव २०७९।८० को प्रथम अर्धवार्षिकमा सम्पादन भएका मुख्य मुख्य कार्यक्रम योजना तथा अन्य गतिविधिहरु आम नागरिक एवं सरोकारवाला विच सार्वजनिक गर्ने, नागरिकका गुनासा एवं सुझाव संकलन गर्ने, जनउत्तरदायी एवं खुला सरकारको अवधारणा कार्यान्वयन गर्ने मुल उद्देश्यका साथ गाउँपालिका द्वारा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा हार्दिक स्वागत गर्दछु ।

आदरणीय महानुभावहरु,

आव २०७९।८० को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत हालसम्म गाउँपालिकावाट प्रवाह भएका कार्यक्रम र विकास निर्माणका कार्यहरुको भौतिक एवं वित्तीय प्रगती निम्नानुसार प्रस्तुत गर्दछु ।

१. आर्थिक प्रशासन तर्फः

- यस आर्थिक वर्षमा कुल वजेट ५३,८१,४९,००० मध्ये हाल सम्म चालु तर्फ कुल जम्मा ३४,१४,९७,००० वजेट विनियोजन भएकोमा १२,५५,६६,००५.१८ रकम खर्च भएको छ । जुन ३६.७७ प्रतिशत रहेको छ । पुंजीगत तर्फ कुल जम्मा १९,६६,५२,००० वजेट विनियोजन भएकोमा २,८०,४७,८५६ रकम खर्च भएको छ । जुन १४.२६ प्रतिशत रहेको छ ।

- गाउँपालिकाको यस अवधीमा जम्मा ३१,९६,२६१.०१ आन्तरिक राजश्व संकलन भएको छ ।

२. योजना तथा कार्यक्रम र पुर्वाधार तर्फः

- बबई गाउँपालिकाको कुल विकास योजना तथा कार्यक्रम गाउँपालिका तर्फ १९८, कृषि विकास तर्फ २२, पशु विकास तर्फ ९, शिक्षा तर्फ २२, स्वास्थ्य तर्फ ८, भुक्तानी बाँकी तर्फ ६१, वडा नं १ तर्फ २८, वडा नं २ तर्फ ५४, वडा नं ३ तर्फ ३८, वडा नं ४ तर्फ २७, वडा नं ५ तर्फ ३०, वडा नं ६ तर्फ २४, वडा नं ७ तर्फ ६०, प्रदेश सरकार वाट प्राप्त योजना तथा कार्यक्रम १७ र संघीय सरकारवाट प्राप्त कार्यक्रम १२९ वटा गरि जम्मा ७२७ वटा रहेको छ । पुर्वाधार विकास तर्फका योजना मध्य हाल सम्म ६९ योजना सम्झौता भएका छन । हाल सम्म भुक्तानी भएका योजनाहरु ९ वटा रहेको छ ।
- यस आ.व. २०७९/८० मा हाल सम्म पुर्वाधार तर्फ ७ वटा योजनाको ठेक्का सम्झौता भई कार्यान्वयन प्रक्रियामा रहेको छ ।
- आय तर्फ नदिजन्य पदार्थ उत्खनन तथा विक्रि वितरणका लागि ४ वटा उत्खनन क्षेत्रको सम्झौता भई ५० प्रतिशत राजश्व संकलन भईसकेको छ ।
- कालोपत्रे तर्फ ३ किलोमिटर सडक कालोपत्रे सम्पन्न भईसकेको छ ।
- उपभोक्ता समिति मार्फत २००० मिटर पक्की नहर तथा सडक नहर निर्माण, ५५ किलोमिटर सडक सरसफाई भएको, ५ किलोमिटर सडक स्तरोन्नती सम्पन्न भएको छ ।
- निर्माणाधिन १५ शैया पुरन्धारा स्वास्थ्य चौकीको भौतिक प्रगती ८० प्रतिशत सम्पन्न भएको छ ।
- भवन निर्माण, नक्सापास तथा अभिलेखिकरण तर्फ ५ वटा सम्पन्न भएको छ ।
- शित भण्डारको साईट बबई ४ हापुरेमा छनौट भई कार्यान्वयन प्रक्रियामा रहेको छ ।

३. शिक्षा युवा तथा खेलकुद विकास तर्फः

- विद्यालयमा सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग (शिक्षक पेशागत सहयोग विज्ञ समूह गठन ) गरी विद्यालयको कक्षा अवलोकन अनुगमन लगायत सुपरिवेक्षण र मुल्याङ्कन एवम् प्रतिवेदन तयारी कार्यक्रम निर्नतर रुपमा सञ्चालनमा रहेको ।
- सामुदायिक विद्यालयमा प्रारम्भिक बाल बिकास देखि ( कक्षा १-६ ) सम्मका बालबालिकाहरुका लागि दिवाखाजा निरन्तरता भई रहेको ।
- बार्षिक शैक्षिक प्रबोधिकरण सञ्चालन भएको यसकार्यक्रम बाट बबई गाउँपालिकामा रहेका विद्यालयको शैक्षिक, भौतिक तथा प्रशासनिक गतिविधिको बारेमा विद्यालयका प्र.अहरुलाई जानकारी गराएको ।
- बबई गाउँपालिका अन्तर मावि स्तरीय हाजिरी जबाफ प्रतियोगिता सञ्चालन गरिएको सामुदायिक र संस्थागत गरी जम्मा ११ विद्यालय समावेश भएको ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान ससर्त अनुदान प्रथम त्रैमासिक निकासा भई विद्यालयबाट सामाजिक परिक्षण,विद्यालय सुधार योजना निर्माण गरेका र गर्दै रहेका ।
- शैक्षिक पञ्चवर्षिय योजना निर्माण भएको ।
- आ.ब २०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई घोराही र मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरमा पठाई रहेको ।
- सामुदायिक विद्यालयहरुलाई सामाजिक लेखापरीक्षण गर्न लगाई ३४ वटा सामुदायिक विद्यालय मध्ये २५ वटा विद्यालयमा सामाजिक लेखा परीक्षण भई प्रतिलिपि प्राप्त भएको।
- नियमित रुपमा प्र.अ बैठक र शिक्षा समिति बैठक बसेको ।

४. स्वास्थ्य सेवातर्फः

- हापुरे प्राथामिक अस्पताल, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।
- अर्ध वार्षिक क्षयरोग सम्बन्धी कोर्हट बिश्लेषण कार्यक्रम सम्पन्न गरिएको छ ।
- पोषण कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न गरिएको छ ।
- पहिलो चरणको राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम महिला स्वास्थ्य स्वयम सेविकाहरु मार्फत गरिएको छ ।
- आमा तथा नवशिशुहरुको लागि न्यानो झोला खरिद कार्यक्रम गरिएको छ ।
- विपन्न नागरिक औषधी उपचार राहत बितरण संख्या १९ जनालाई प्रदान गरिएको छ ।
- अस्पताल, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुको लागि सर्जिकल समाग्री खरिद गरिएको छ ।
- गम्भिर प्रकृतीका रोगबाट पिडित ब्यक्तिहरुलाई संघीय सरकारमा सिफारिस गरिएको संख्या २८ जना (३ सदस्य समितिको निर्णय गरि गाउँपालिका अध्यक्ष ज्यु मार्फत  सिफारिस गरिएको)
- गम्भिर प्रकृतीका रोगबाट पिडित ब्यक्तिहरुलाई प्रदेश सरकारमा सिफारिसमा गरिएको संख्या ६ जना (३ सदस्य समितिको निर्णय गरि उपाध्यक्ष ज्यु मार्फत  सिफारिसि गरिएको)
- ५ बर्ष देखि ११ बर्ष उमेर समुहका बालबालीकाहरुलाई कोरोनाका भाइरस बिरुद्धको फाईजर खोप कार्यक्रम २ चरणमा गरिएको छ ।
- दैनिक बैदेशिक जानेहरुको लागि क्यु आर कोर्ड प्रमाणित गर्ने गरिएको
- गम्भिर प्रकृतीका जम्मा ४ प्रकारका रोगीहरुको बिबरण संकलन गरिएको छ ।
- स्वास्थ्य कर्मिहरुको परिमार्जित एच एम आईस तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।
- अस्पताल स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुको लागि औषधी खरिद प्रकियाको अन्तिम चरणमा पुगेको छ ।
- यस गाउँपालिकामा ३७  जना आँखाको रोगीको मोति बिन्दुको  निशुल्क उपचार गरिएको छ ।
- क्षयरोग औषधी लगायत अपुग औषधीहरु स्वास्थ्य कार्यालय दाङबाट पटक पटक माग गरि आपुर्ति गरिएको छ ।
- फोक्सो तथा दम सम्बन्धी रोगीहरुलाई रासि प्रादेशिक अस्पतालमा निशुल्क उपचारको लागि सिफारिस गरिएको छ ।

५. पशुपन्क्षी सेवातर्फः

| सि. | सेवा क्षेत्र | गाइ\गोरु | भैसी\राँगा | भेडा\बाखा | सुँगुर \बंगुर | कुखुरा \हाँस | कुर | लाभान्भित परिवार |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल उपचार | २५३ | ३६४ | ३९९० | ६०० | ४९०६ | २५ | २४९२ |
| | माइनर | ३२ | ३३ | ६८ | ३१ | | | १६४ |
| ३ | बन्ध्याकरण सेवा | बहर | | बोका | बंगुर | | | |
| | | ७० | | ३९१ | ३९ | | | ५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | कृत्रिम गर्भाधान सेवा | गाइ | भैसी | बाखा | लाभान्भित परिवार | | | रेफ्री खरिद २ वटा |
| | संघीय सरकार (सशर्त ) | ५ | ९ | ३ | १७ | | | रु १००\|- |
| ५ | हिउदे घास वितरण | बर्षिमको विउ | जई घासको विउ | खरिद | | | | |
| | कार्तिक महिना | ५४५ के.जी. | ३०० के.जी. | रु २२० | | | | ४७५ ला.प. |
| ६ | रेविज सप्ताहा मनाउने रेबिज खोप कार्यक्रम | ३७३ कुकर | | प.चौ. | | | | ३७३ ला.प. |
| ७ | पशु स्वास्थ्य उपचार तथा औषधि खरीद | | | रु ४०० | | | | |

६. कृषि विकास सेवा तर्फः

| क सं | कार्यक्रमको नाम | कल बजेट | खर्च रकम | खर्च प्रतिशत | सेवाग्राही संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५०% अनदानमा गहुँको उन्नत बिउ बितरण | १५००००। | १००६४०। | ६७ | | |
| २ | ५०% अनुदानमा बाली संरक्षण सामाग्री बितरण | २०००००। | २००००० | १०० | कृषि फर्म-१<br>कृषि सहकारी-१<br>कृषक समुह-१०<br>ब्यक्तिगत कृषक -९२ | |
| ३ | ५०% अनुदानमा बिभिन्न बिषादी बितरण | २०००००। | सामाग्री बितरण भैरहेको | | ८८ जना | |
| ४ | तरकारीको बिउमा ५०% अनुदान | १५००००। | सामाग्री बितरण भैरहेको | | ४४ जना | |
| ५ | प्लाष्टिक टनेल बितरण ५०% अनुदान | ५०००००। | ४९४९९८। | ९८.९९ | कृषि तथा पशपंक्षी फर्म- ३ वटा<br>कृषक समह -१०<br>ब्यक्तिगत कृषक-८३ | |

- कृषि बिकास शाखाबाट बिभिन्न प्रकृतिका सिफारीसहरु ९१ वटा रहेकोमा कृषि फर्म घरेलु तथा साना उद्योग कार्यालयमा दिएको सिफारीस ९ वटा, वडा नं ७ मलै जलजला क्षेत्रमा बँदेलले मकैबारीमा गरेको क्षतीको सिफारीस ६८ वटा रहेको छ ।

७. महिला वालवालिका तथा जेष्ठ नागरिक तर्फः

- जेष्ठ नागरिक दिवस मिति २०७९।०६।१५ गते ११५ जना सहभागीहरु सहित सम्पन्न गरिएको थियो ।
- अपांगता दिवस मिति २०७९।०८।१७ गते ९१ जना सहभागीहरु सहित सम्पन्न गरिएको थियो
- विश्व अल्जाईमर दिवश मिति २०७९।०६।५ गते ५३ जना सहभागीहरु सहित सम्पन्न गरिएको थियो
- १६ दिने अभियान मिति २०७९।०८।१० गते देखि २५ गते सम्म ५४३ जना सहभागीहरु सहित सम्पन्न गरिएको थियो उक्त कार्यक्रममा १६९७५० रकम खर्च भएको थियो ।
- दोश्रो राष्ट्रिय जेष्ठ नागरिक दिवस मिति २०७९।०९।११ गते १३४ जना सहभागीहरु सहित सम्पन्न गरिएको थियो
- अपांगता समन्वय समितिको वैठक ४ पटक १२ जनाको सहभागीतामा सम्पन्न गरिएको थियो ।
- साथै हाल सम्म अपांगता परिचय पत्र क वर्गका ७ जना, ख वर्गका ३४ जना, ग वर्गका १९ जना र घ वर्गका ७ गरि जम्मा ६७ जना लाई वितरण गरिएको थियो ।
- बबई गाउँपालिकामा जेष्ठ नागरिक परिचयपत्र वितरण हाल सम्म ७७१ वटा गरिएको छ । यस आ.व. २०७९/८० को पौष मसान्त सम्म १३० वटा जेष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ ।

८. जिन्सी व्यवस्थापन शाखा तर्फः

- बबई गाउपालिका वडा नं. १ को कार्यालयमा बिजूली बत्तिको समस्या रहेकोमा सो समाधानका लागि सोलार बिजुलीको लागि सोलार पाता राख्ने, सोलार व्याट्री चेन्ज गर्ने कुर्चि टेवल थप्ने साथै अफीस डेकोरेशन का लागि सामग्री उपलब्ध भयो ।
- वडा न. ५ मा सोलार व्याट्री चेन्ज गर्ने कुर्चि थप्ने साथै प्राविधिक कर्मचारीको लागि अफीस व्यवस्थापन कार्य गरीयो ।
- वडा नं. ४ मा अफीस सामग्रीको व्यवस्था गरीयो । वडा नं.२, ३, ६ र ७ मा केही मात्रामा सामग्री व्यस्थापन गरेपनी केही काम गर्न बाकी देखिन्छ ।
- बबई गाउँपालिकाको कार्यक्रम अनुसार हयूमपाईप खरीद गरी ट्वाङखोला, बबई नदी र वडा नं. ७ ढोलपुरको खोला र ओदाले कुलोमा राखी यातायातमा सुविधा गराउने काम गरीयो ।
- पूर्वाधार विकास परीक्षण सामग्री खरीद कार्य भयो ।
- सिचाई डिभिजन कार्यालय तुलसीपूरबाट ६० थान ग्याविन तारजाली प्राप्त गरी ल्याउने काम भयो ।
- विभिन्न स्थानमा वाढी पहीरो नियन्त्रणका लागि तारजाली खरीद कार्य प्रकृयामा रहेको छ ।
- सेवा प्रवाहमा सहज गर्न कर्मचारीको उपस्थिती बाक्लो गराउन बबई गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा ई हाजिरी गर्न ई हाजिरी प्रविधि खरीद गरीयो ।
- कार्यालय प्रयोजनका लागि फर्निचर खरिद गर्ने कार्य भईरहेको छ ।
- जिन्सी शाखावाट हुने अन्य नियमित कार्य भईरहेको छ ।

९. सूचना तथा संचार प्रविधि तर्फः

- बबई गाउँपालिकाका सम्पुर्ण वडा कार्यालय तथा गाउँपालिकाका सम्पुर्ण शाखाहरुमा ईन्टरनेटको सुविधा संचालनमा रहेको छ । बबई गाउँपालिका मातहतका स्वास्थ्य चौकी तथा हापुरे प्राथमिक अस्पतालमा पनि ईन्टरनेटको सुविधा संचालनमा रहेको छ । भौगोलिक विकटताका कारण वडा नं १ मा ईन्टरनेटको नियमिततामा पटक पटक समस्या देखिने गरेको भएता पनि तत्काल उक्त समस्या समाधानका लागि कार्य भईरहेको छ ।
- बबई गाउँपालिकाले सेवा प्रवाहमा वेबसाईट, सुत्र, राजश्व, पञ्जिकरण तथा सामाजिक सुरक्षा, एस एम एस, फेसवुक पेज, जिन्सी, भूमि, मन्त्रालयको पोर्टल लगायतका अधिकतम कार्यहरुमा प्रविधिको प्रयोग गरि सेवा चुस्त दुरुस्त प्रवाह गरिरहेको छ ।
- बबई गाउँपालिकाले प्रत्येक वर्ष स्थानीय तहको संस्थागत स्वमुल्यांकन कार्य सम्पन्न गरिरहेको छ । यस वर्ष गरिएको मुल्यांकनमा बबई गाउँपालिकाले १०० अंकमा ७३.७५ अंक प्राप्त गर्न सफल भएको छ ।
- बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा ई हाजिर जडान कार्य सम्पन्न गरिएको छ । साथै तत्काल हापुरे प्राथमिक अस्पताल, सवै स्वास्थ्य चौकीहरु तथा स्वास्थ्य ईकाईहरुमा ई हाजिर जडान गरिने छ ।
- बबई गाउँपालिकामा प्रवक्ता मार्फत गाउँ कार्यपालिकाको निर्णयहरु सार्वजनिक हुने गरेको छ । साथै बबई गाउँपालिकामा सूचना अधिकारी द्वारा अन्य सूचना विवरणहरु उपलव्ध गराउने कार्य भईरहेको छ ।
- बबई गाउँपालिकाले प्रथम त्रैमासिक प्रगति प्रतिवेदन तथा स्वत प्रकाशन बबई गाउँपालिकाको वेबसाईट मार्फत सार्वजनिक समेत गरिसकेको छ ।
- गाउँपालिकाको सूचना संचार तथा प्रविधि सम्वन्धित अन्य कार्यहरु नियमित रुपमा संचालन भईरहेका छन ।
- बबई गाउँपालिकामा आव २०७८।०७९ मा बाँकी रहेको एकिकृत वस्तुस्थिति विवरण संकलन कार्य सम्पन्न गरिएको छ ।

१०. प्रशासन तर्फः

- बबई गाउँपालिकाको कार्यालय, वडा कार्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुमा जम्मा कुल दरवन्दी संख्या ९१ जना कर्मचारी कार्यरत रहेका छन । जस मध्य स्थायी कर्मचारी ३२ जना पालिका र १४ जना स्वास्थ्य तर्फ कार्यरत छन भने करार सेवा तर्फ पालिकामा २६ जना र स्वास्थ्य तर्फ १७ जना कार्यरत रहेका छन ।
- बबई गाउँपालिकामा हाल सम्म दर्ता सहकारी संख्या १४ जस मध्य ३ वटा सहकारी पालिका मार्फत नै जारी गरिएको थियो । यस गाउँपालिका भित्र कार्यालय रहेको तर प्रदेश सरकार मातहतका सहकारी संख्या ५ वटा रहेको छ ।
- बबई गाउँपालिकामा हाल सम्म दर्ता व्यवसाय संख्या ४०९ रहेको छ । यस आ.व.मा जम्मा ६ वटा नयाँ व्यवसाय दर्ता भएको छ । यस आ.व.मा नविकरण भएका व्यवसायहरु २१ रहेको छ ।
- घ वर्गका निर्माण व्यवसायहरु जम्मा दर्ता १० वटा रहेका छन । हाल सम्म २ वटा निर्माण व्यवसायी नविकरण भएका छन ।

११. वडा कार्यालयहरु तर्फ

- बबई गाउँपालिका अन्तर्गतका ७ वटा वडाहरुमा योजना, सिफारिस, राजश्व को विवरण तपसिल अनुसार रहेको छ ।

| सि.नं. | वडा नं. | सिफारिस | राजश्व संकलन |
|---|---|---|---|
| १ | १ | २३६ | ४१५५० |
| २ | २ | ६६९ | २२८५२८.५८ |
| ३ | ३ | ६२९ | ३२०२९६.९६ |
| ४ | ४ | १००३ | ५५७५१०.०६ |
| ५ | ५ | १०२८ | ७९६४८४.०९ |
